स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव
# जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यही फागुनको १८ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म हो, - अगस्त्य: च्याप्टर १ । फस्टलुक पोस्टरबाटै चर्चा पाएको फिल्मको गत बिहीवारमात्रै ट्रेलर सार्वजनिक गरिएको छ । ट्रेलरले फिल्मको चर्चा थप चुलिएको छ । विशेषगरी अभिनेता सौगात मल्लको प्रशंसा भइरहेको छ । ट्रेलरमा सौगातको अभिनय हेरेपछि नेपालमा उनले जति अभिनय गर्न सक्ने अरु कलाकार नभएको भनेर दर्शकले प्रतिक्रिया दिइरहेका छन् ।

आजको विचार...



विनय कार्की

विश्व...
(दुई पेजमा)



अभिनेत्री रेखा थापाको फिल्म 'उपहार' यही फागुन २५ गतेबाट प्रदर्शनमा आउँदैछ । गत शुक्रबार मात्रै फिल्मको ट्रेलर सार्वजनिक गरियो, जसले दर्शकबाट सकारात्मक प्रतिक्रिया पाइरहेको छ । फिल्म हेर्नका लागि उत्साहित रहेको प्रतिक्रिया दर्शकले दिएका छन् । धेरैले रेखाको प्रशंसा गरेका छन् । फिल्मको ट्रेलरमा अनधिकृत रुपमा बनाएका संरचना महानगरपालिकाले भत्काएकोदेखि सडकपेटीमा व्यापार गर्ने सर्वसाधारणको व्यापारलाई नगर प्रहरीले उठाएर लगेको दृश्यसमेत समावेश गरिएको छ ।

❏ वर्ष २९ ❏ अंक २०३ ❏ २०८० फागुन ८ गते मंगलबार 20 February 2024, Tuesday ❏ पृष्ठ संख्या ४ मूल्य रु ५/-


# संकटमा प्रजातन्त्र

**प्रजातन्त्र दिनदिनै शिथिल बन्दै गएको कसैले देखिरहेको छैन । निर्वाचित जनप्रतिनिधिबाटै हाम्रो प्रजातन्त्र संकटमा पर्दै गएको छ । प्रजातन्त्रलाई अवशान हुनबाट जोगाउने एकमात्र वैधानिक उपाय नागरिक निगरानी नै हो ।**

**रामचन्द्र रायमाझी**

**पाल्पा,** फागन ७/७४ औं राष्ट्रिय प्रजातन्त्र दिवस देशभर विभिन्न कार्यक्रम आयोजना गरी मनाइएको छ । २००७ फागुन ७ गते १०४ वर्षसम्म चलेको जहाँनिया राणाशासन अन्त्य भई नेपालमा प्रजातन्त्रको स्थापनाको घोषणा भएको दिनको स्मरणमा यो दिवस मनाउन थालिएको हो ।

सोमबार पनि राजनीतिक दल, नेता र सरकारका सम्पूर्ण निकायले प्रजातन्त्रको स्मरण गरे । प्रजातन्त्र ल्याउन योगदान दिएका योद्वा र उनीहरूको सपनाको सरकार प्रमुख हुन् वा विभिन्न राजनीतिक दलका नेता सबैले फागुन ७ का दिन २००७ सालको जनक्रान्तिको स्मरण गर्छन्, प्रजातन्त्र दिवसको महत्वबारे व्याख्या गर्छन् । तर, उतिबेलाको परिवर्तनले देखाएको बाटोमा हिँड्न भने कोही पनि तयार देखिँदैनन् । ००७ सालको क्रान्ति सफल तुल्याउन एकताबद्ध भएका पक्ष वा शक्तिहरू संविधानसभाको संयुक्त प्रतिबद्धता अघि बढाउने दिशामा सहकार्य, मेलमिलाप तथा ऐतिहासिक दायित्व पूरा गर्न चुकेका छन् । प्रजातन्त्र स्थापना भएको ७४ वर्ष हुँदासम्म पनि दलहरूले मुलुकलाई स्थायित्व र विकासको बाटोमा अघि बढाउन सकेका छैन ।




प्रजातन्त्र दिवसको उपलक्ष्यमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले २००७ सालको जनक्रान्तिको स्मरण गर्दै प्रजातन्त्रले नेपालको लोकतन्त्र र नेपाली समाजलाई आधुनिक युगमा प्रवेश गराएको बताएका छन् । उनले संविधानको प्रगतिशील कार्यान्वयन मार्फत समाजवादोन्मुख राज्यको आधारशिला खडा गर्नु राष्ट्रिय कार्यभार भएको भन्दै ऐतिहासिक क्रान्ति, आन्दोलन र जनसंघर्षको बलमा प्राप्त उपलब्धिको रक्षा गर्दै थप उपलब्धिका लागि निरन्तर लाग्नुपर्ने जोड दिएका छन् । प्रचण्डले मात्र होइन विभिन्न राजनीतिक दलका नेताहरुले समेत प्रजातन्त्रको योगदानको स्मरण गरेका छन् । तर भाषणमा प्रजातन्त्रको स्मरण गरिए पनि व्यवहारमा भने कसैले पनि उतार्न सकेका छैनन् । प्रजातन्त्र दिवस पितृको वार्षिक श्राद्ध गरेजसरी औपचारिकतामा सीमित गरेर मात्र यसको औचित्य पुष्टि हुन सक्दैन । प्रजातन्त्र दिनदिनै शिथिल बन्दै गएको कसैले देखिरहेको छैन । निर्वाचित जनप्रतिनिधिबाटै हाम्रो प्रजातन्त्र संकटमा पर्दै गएको छ । प्रजातन्त्रलाई अवशान हुनबाट जोगाउने एकमात्र वैधानिक उपाय नागरिक निगरानी नै हो । गुठीसम्बन्धी विधेयकको विरोधमाजसरी सरकार र दलहरूको निरंकुश शैलीविरुद्ध नागरिक निगरानी बढाउन सकियो भने मात्र प्रजातन्त्रलाई हत्या हुनबाट जोगाउन सकिनेछ । त्यसपछि मात्र नीतिगत सुनिश्चितता सहित पद्धति र प्रणालीको विकास भई विकासले आफ्नो गति आफैं पहिल्याउनेछ ।

## सक्षिप्त समाचार

### जातीय भिडन्तमा कम्तीमा ६४ को मृत्यु

रासस/एएफपी)

**सिड्नी,** फागुन ७/पपुवा न्यू गिनीको उच्च पहाडी क्षेत्रमा भएको जातीय द्वन्द्वमा परी कम्तीमा ६४ जनाको मृत्यु भएको स्थानीय सञ्चारमाध्यमले सोमबार जानकारी दिएका छन् । पपुवा न्यूगिनीको स्थानीय पत्रिका पोस्ट कुरियरका अनुसार एङ्गा प्रान्तको वापेनामान्डाको प्रहरीले आइतबार बिहानदेखि सुरु भएको भिडन्तपछि सडक किनार, घाँसे मैदान र पहाडबाट ६४ जनाको शव फेला परेको पुष्टि गरेको छ ।

सुरक्षाकर्मीले झाडीमा अझै केही शव रहेको बताएका छन् । यसअघि अस्ट्रेलियाली समाचार संस्था एबिसी न्युजले आदिवासी समुदाय बीचको भिडन्तमा कम्तीमा ५३ जनाको मृत्यु भएको र झाडीमा अझै धेरै मानिसको मृत शरीर रहेको हुनसक्ने बताएको थियो । रोयल पपुवा न्यू गिनी कान्स्टेबुलरीका कार्यवाहक सुपरिटेन्डेन्ट जर्ज काकासले भने, "मैले एङ्गामा देखेको यो अहिलेसम्मकै सबैभन्दा ठूलो सामुहिक हिंसा हो । एबीसी न्यूजका अनुसार सन् २०२३ मा ६० जनाभन्दा बढीको ज्यान लिने आदिवासी समुदायको लडाइँ यही जनजातिसँग सम्बन्धित रहेको बुझिएको छ ।

बढ्दो जनजातीय द्वन्द्व नियन्त्रणका लागि एङ्गा प्रान्तमा सन् २०२२ मा केही महिनाका लागि लकडाउन गरिएको थियो ।

## टिपर दुर्घटनामा दुईको मृत्यु



**पाल्पा,** फागुन ७/जिल्लाको माथागढी गाउँपालिका -५ आर्थोकघाट स्थित रहवास-खैरेनी भित्रि कच्ची सडक खण्डमा टिपर दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ ।

सोमबार बिहान रुपन्देहीको खैरेनीबाट माथागढीको घामिका ढुङ्गाखानीतर्फ आउँदै गरेको लु २ ख ५६१ नम्बरको टिपर दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको हो । दुर्घटनामा परी चालक रुपन्देहीको तिलोत्तमा नगरपालिका -१६ का २४ वर्षीय प्रदिप कुमाल र सोही ठाउँका सहचालक १८ वर्षीय मनिष परियारको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुगन्ध श्रेष्ठले जानकारी दिए । उनीहरुको घटनास्थलमै मृत्यु भएको हो । घटनाका विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## १२ घण्टा शिक्षकको निगरानीमा विद्यार्थी

**वालिङ (स्याङ्जा),** फागुन ७/ शिक्षाको गुणस्तर खस्किँदै गइरहेको आरोप सामुदायिक विद्यालयले खेपिरहेका बेला यहाँको जीवनज्योति माध्यमिक विद्यालयले नमूना अभ्यास थालेको छ । स्याङ्जाको विरुवा गाउँपालिका ७ कुसुमभञ्ज्याङमा रहेको जीवनज्योति माविले कक्षा ६ देखि १२ सम्मका विद्यार्थीलाई झण्डै १२ घण्टा विद्यालय हाताभित्रै शिक्षकको निगरानीमा राखेर सैद्धान्तिक र प्रयोगात्मक कक्षा सञ्चालन गर्दै आएको हो ।

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्ने मुख्य उद्देश्यसहित विद्यार्थीलाई विद्यालयमा सैद्धान्तिक र व्यावहारिक ज्ञान दिने गरिएको विद्यालयका प्रधानाध्यापक सामबहादुर गुरुङले बताए । 'यस विद्यालयमा ६ देखि १२ कक्षामा अध्ययनरत विद्यार्थी बिहान ७ बजेदेखि बेलुका साढे ६ बजेसम्म विद्यालयमै हुन्छन्' उनले भने,



'शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षक, अभिभावक, विद्यार्थी तथा स्थानीय समुदायको छलफलबाट अतिरिक्त समयमा पनि विद्यार्थी विद्यालयमै रहने निर्णय गरेको हो ।' अधिकांश अभिभावकले आफ्ना छोराछोरीलाई घरमा किताब पढाउन तथा सोधेका कुराहरु सिकाउन नसक्ने भएकाले विद्यालयमै राखेर सिकाउने गरिएको हो । बिहानदेखि साँझसम्म विद्यार्थीले सैद्धान्तिकका साथै व्यावहारिक ज्ञान लिने गरेका छन् ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## महासमिति बैठकको सान्दर्भिकता

सोमबारदेखि ललितपुरको गोदावरीमा नेपाली काँग्रेसको महासमिति बैठक सुरू भएको छ । बैंठकमा गत फागुन ४ को केन्द्रीय कार्यसमिति बैठकमा प्रस्तुत भइ अनुमोदित भएका नीति तथा कार्यक्रम, सांगठनिक प्रतिवेदन, समसामयिक राजनीतिक प्रस्ताव, नेपालको वर्तमान आर्थिक अवस्था, चुनौती र सम्भावना र लेखापरीक्षण लगायतका प्रतिवेदन पेश हुनेछन् । फागुन १० गतेसम्म चल्ने बैंठकमा पेश भएका प्रतिवेदनमाथि समुहगत छलफल गरी निष्कर्ष निकालिने छ । बैठकमा कांग्रेसले समयसापेक्ष अवलम्बन गर्नुपर्ने नीति र कार्यदिशाका बारेमा घनीभूत छलफल गरी स्पष्ट मार्गचित्र तय गर्ने भएकाले पनि यो बैंठकलाई सर्वत्र चासोको रुपमा रेहिएको छ । बैठकमा पार्टीले अवलम्बन गर्नुपर्ने नीतिमाथि केही समयअघिदेखि नै गम्भीर विमर्श हुँदै आएको छरु। त्यसक्रममा महासमितिमा प्रस्तुत गरिने गरी मूलरूपमा तीन वटा प्रस्ताव तयार पारिएको छ । कांग्रेस केन्द्रीय समितिमा गहन बहस भएको उपसभापति पूर्णबहादुर खड्काको नीति प्रस्ताव, महामन्त्री गगनकुमार थापाको साङ्गठनिक प्रस्ताव र अर्का महामन्त्री विश्वप्रकाश शर्माको समसामयिक राजनीतिक प्रस्तावले व्यापक तरङ्ग ल्याएको छ । महासमिति बैठकले राजनीतिक रूपमा देखिएका मतभेद, अविश्वास, सैद्धान्तिक अस्पष्टता लगायतलाई आन्तरिक विमर्शमार्फत समाधान गरेर नवीन कार्यदिशा प्रदान गर्ने अपेक्षा आमकाँग्रेसजनले गरेका छन् । आफ्नो मार्गबाट भड्किएको काग्रेसलाई सही बाटोमा ल्याउन यो बैठकले सकारात्मक भूमिका खेल्नैपर्छ ।

कांग्रेसभित्र पुनः सुरु भएको धार्मिक स्वतन्त्रतासहितको वैदिक सनातन हिन्दुराष्ट्रको बहसले कांग्रेसीजनमा मात्र होइन, देशभरका सन्त महन्त एवं आमनेपाली जनतालाई उत्साहित बनाएको छ । धर्मनिरपेक्षता खारेज गरी हिन्दु राष्ट्र कायम गर्ने मार्गमा अब कांग्रेस अग्रसर हुन्छ कि भन्ने दिशामा जनतामा झिनो आशा पलाएको छ । पछिल्लो समयमा राजनीतिक दलहरुप्रति जनतामा वितृष्ण पैदा भएको छ । त्यसलाई चिर्नको लागि पनि यो बैंठकले महत्वपूर्ण भूमिका खेल्न आवश्यक छ । आगामी महाधिवेशनबाट संगठनलाई चुस्तदुरुस्त बनाउन विधान संशोधन गर्ने समिति बनाई अब पार्टी विधिविधान अनुसार चल्छ र सबैलाई न्याय हुनेछ भन्ने भरोसा जगाउन अपरिहार्य भएको छ । संगठनमा अब के गर्ने भन्ने खाकाको अभाव छ, जुन यो महासमितिले अवश्य हटाउनेछ । क्रियाशील सदस्यता वितरणदेखि विभाग तथा भ्रातृ संस्था, शुभेच्छुक संघसंस्थालाई चलायमान र विधिसम्मत अघि बढाउने प्रतिबद्धता महासमितिले गर्नुपर्छ । समसामयिक राजनीतिक, आर्थिक, कूटनीतिक र सामाजिक मुद्दामा कांग्रेसले स्पष्ट नीतिसहित आगामी बाटो तय गरी देश र समाजलाई अग्रगामी बाटोमा डोऱ्याउने आशा जगाउन सक्नुपर्छ । यसो भयो भने मात्र महासमिति बैंठकले सार्थकता प्राप्त गर्न सक्छ ।

## Opinion @ Social Network

सुन र गुन दुवै महङ्गो हुन्छ । सुन लगाएको सबैले देख्छन्
तर, गुन लगाएको कसंले देख्दैनन् ।
*(सुरेश थापाको फेसबुक स्टाटसबाट https://www.facebook.com//suresh.thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# विश्व सामाजिक मञ्च किन ?



**विनय कार्की**

विश्वमा रहेका सबैजसो देश र समाजमा समानता, स्वतन्त्रता र अधिकार प्राप्तिका आन्दोलन र अभियानहरू निरन्तर चलिरहेका छन् । राष्ट्रियता, लैंगिकता, भाषिकता, धार्मिकता, जातीयता, क्षेत्रीयता, वर्गीयता जस्ता अन्य धेरै आधारमा मानिसहरूबीच समाजमा असमानता रहेका छन् । यसले हरेक मानिसका भिन्न-भिन्न र सामूहिक पहिचानहरू निर्माण भएका छन् । विश्वमा यसैको आधारमा मानिसहरूको तहगत विभाजन हुँदा केही सीमित मानिसले असीमित अधिकार उपयोग गर्ने सामाजिक संरचना निर्माण भएका छन् । यस्ता संरचना र योसँग जोडिएका असमान मूल्य-मान्यताले समाजमा लामो समयदेखि प्रतिरोध पनि सँगै भोगिरहेको देखिन्छ । नेपालमा पनि किसान, श्रमिक, महिला, जनजाति, अपाङ्गता भएका व्यक्ति, दलित, सीमान्तकृत र उत्पीडित समूहहरू अधिकारका लागि निरन्तर संघर्ष गरिरहेका छन् । यस्ता आन्दोलन र अभियानहरूको परिणाम आजको आधुनिक नेपाल हो । यो समाज इतिहासको कुनै समयमा भएको नेपाली समाजभन्दा प्रगतिशील छ । विश्वमा भइरहेका शृंखलाबद्ध युद्धमा लाखौं मानव हत्या र हिंसाको सिकार बनिरहेका छन् । सुरक्षाको नाममा मानव सभ्यता ध्वस्त गर्ने हतियारको निर्माण भएका छन् । हामी एकअर्कासँग भयभीत छौं ।

हामी सुरक्षाको नाममा हजारौं हजारलाई ध्वस्त बनाउने हतियार एकअर्कालाई ताकिरहेका छौं । हतियार आफैंमा सुरक्षासँगै असुरक्षा पनि हो । चेतनशील समाजले हतियारको न्यूनतम सीमा निर्धारण गर्नुपर्ने दायित्व भुल्दा सिंगो मानव सभ्यता र विश्व नै उच्च जोखिममा धकेलिएको छ । आज पनि गरिबी विश्वको सबैभन्दा ठूलो समस्या हो । गरिबी अन्य धेरै सामाजिक, राजनीतिक, सांस्कृतिक सहभागिताको अवसर र मानव जीवनका आधारभूत आवश्यकताबाट वञ्चित बनाउने कारण बन्छ । गरिबीको समाधान गरिब मानिसको मात्र समाधान गर्ने अनुदान र ऋण चक्रको निरन्तरताले हुनसक्दैन । गरिबी हाम्रो सामाजिक संरचनाको परिणाम हो । विश्वमा जति पनि गरिबी निवारणका उपाय अपनाइएका छन् ती केवल गरिब मानिसको समाधान गर्न विद्यमान असमान सामाजिक संरचनाभित्रको सुधारको प्रक्रिया जस्तो मात्र देखिन्छ । गरिबीको पुनः उत्पादन हुने सामाजिक व्यवस्था, मूल्यमान्यता, संरचनाको परिवर्तन विना समाजबाट गरिबीको अन्त्य हुन सक्दैन । नेपालले काठमाडौंको भृकुटीमण्डपमा फागुन ३ देखि ७ गतेसम्म विश्व सामाजिक मञ्च २०२४ को आयोजना गरेको छ । ब्राजिलबाट सन् २००१ मा सुरु भएर भारत, सेनेगल, ट्युनिसिया जस्ता देश हुँदै यसको १६औं संस्करणको आयोजना नेपालमा भएको हो । यो असमान सामाजिक संरचनाका कारण निर्माण भएका उत्पीडित वर्ग-समुदाय, महिला, दलित, आदिवासी, अपाङ्गता भएका व्यक्ति, किसान, मजदुर, गरीब समूहको पक्षमा बहस र छलफल गर्ने आन्दोलन हो । यो नेपाल र नेपालीका लागि ऐतिहासिक रूपमा भएका सामाजिक, राजनीतिक आन्दोलनका उपलब्धिका बारेमा विश्वलाई जानकारी गराउनुका साथै विश्वमा हुने सामाजिक अभियान र आन्दोलनसँग जोडिने अवसर पनि हो । विश्वभरिका ९० भन्दा धेरै देशबाट ३० हजारभन्दा धेरै मानिसको सहभागिता रहने अनुमान गरिएको यस मञ्चको नारा 'अर्को विश्व सम्भव छ' भन्ने रहेको छ । यो कार्यक्रमले हामीलाई रोमाञ्चित र आशावादी बन्ने मौका पनि दिन्छ । निराशा र द्विविधामा फस्दै गएको नेपाली समाज (मूलतः युवा पुस्ता) का निम्ति विश्व सामाजिक मञ्च वैचारिक खुराक पाउने बहुउपयोगी थलो बन्न सक्छ । आज विश्वलाई विकसित, विकासउन्मुख, अविकसित आधारमा विभाजित गरेर बुझिन्छन् । वातावरणीय न्यायको अवधारणाले आज विश्वले गर्व गरिरहेको विकासका पछाडि विनाशको कथालाई जोडिदिएको छ । यस्ता विनाशमा प्रभावित हुने मानव समाजले विश्व समाजमा न्यायको खोजी गरिरहेको छ । विकासको प्रक्रियामा प्रत्यक्ष सरोकार राख्ने सँगै कोसौं टाढा अदृश्य देखिने मानव समाजमा पनि त्यसको नकारात्मक प्रभाव हुने प्रमाणित भएको छ । गरिबी, असमानता, हिंसा, युद्ध र शोषण समाजका रोग हुन् । विश्वका अधिकांश सामाजिक संरचनाहरूले नै विश्वमा रहेका गरिबी, असमानता, शोषणाको निरन्तरता गरिरहेका छन् । यस्ता सामाजिक संरचनाको निरन्तरता गरिरहेका हरेक सदस्य असमानताको लागि जिम्मेवार छन् । विकसित भनिएका राष्ट्र, धनी राष्ट्र, पूँजीपति वर्ग जसले यस्ता असमान संरचनाबाट निरन्तर लाभ लिएका छन्, उनीहरूको जिम्मेवारी सबैभन्दा धेरै हुन्छ ।

विश्वका प्राकृतिक स्रोत र साधनहरू सबैका साझा हुन् । यसमा हरेक व्यक्ति र समुदायको स्वामित्व रहेको हुन्छ । आज हामीसँग भएका प्राकृतिक स्रोतको अधिकतम उपभोग गरिंदैछ । उपभोक्तावाद, विश्व बजारीकरण, नवउदारवाद र विज्ञान प्रविधिको विकास यसमा सहयोगी बनेका छन् । विभिन्न समयमा विभिन्न नाममा बहुसंख्यक मानिसहरूलाई आफ्नो स्रोत-साधनको स्वामित्वबाट अलग गरिएको इतिहास पाइन्छ । उत्पादनको स्वामित्व रहेका केही मुठीभर मानिसहरूको सेवामा बहुसंख्यक मानिस सेवक बन्न पर्ने स्थिति बनेको छ । उनीहरू सत्ता, शक्ति, प्रविधि र हतियारको प्रयोगसँगै आफू अनुकूल हुने विभिन्न सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक सिद्धान्त र भाष्यको प्रयोग गर्दै शासक बनिरहेका छन् । विश्वका बहुसंख्यक मानिसहरू जीवन, स्वतन्त्रता, समानता साथै आधारभूत आवश्यकता गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य सेवाको पहुँचका लागि पुस्तौंपुस्ता भौंतारिन बाध्य छन् । यसरी शासकका इच्छा, चाहना र आकांक्षा पूरा गर्न शासित वर्ग मिहिनेत, श्रम र परिश्रम गरिरहेको छ । केही सीमित मानिसको सेवा, सत्कार र विलासी जीवनका लागि बहुसंख्यक मानिस काम गर्न बाध्यकारी हुनुपर्ने संरचना आफैंमा विभेदकारी छ । यस्ता विभेदकारी संरचना भत्काउन अनिवार्य रूपमा सामाजिक न्याय, समानता, स्वतन्त्रता र सामूहिक हितको प्रवर्धन गर्ने सामाजिक संरचना र मूल्य-मान्यताको प्रवर्धन गर्न आवश्यक पर्छ । संगठित र संरचनामा गडिएको यस्तो असमानता असंगठित प्रयत्नबाट परिवर्तन सम्भव छैन । त्यसैले विश्व सामाजिक मञ्च समानता, सामाजिक न्याय, मानवअधिकार, दिगो विकास, वातावरणीय न्याय, शान्ति र मानवतावादका लागि बहस, पहल र हस्तक्षेप गर्ने संगठित प्रयास हो । दार्शनिक जिन ज्याक्स रुसोलाई सम्झने हो भने मानिस स्वतन्त्र जन्मिछ तर सबैतिर बन्धनमा बाँधिएको हुन्छ । पूँजीवाद, पितृसत्ता, जातीयता, राष्ट्रियता, भाषिकता, क्षेत्रीयता जस्ता व्यवस्थाले एकल सँगै सांगठनिक रूपमा मानिसहरूका निम्ति सीमितताहरू निर्धारण गर्दैछन् ।

विश्वका ठूला कम्पनी, वित्तीय संस्थाहरू विश्वमा अधिकांश शहर र ग्रामीण इलाकामा पुगे र जीवनशैली र पुराना सामाजिक संरचना र प्रणालीलाई कमजोर बनाउँदै आत्मनिर्भर र नियन्त्रण गर्न सफल भएका छन् । त्यस्तै, विभिन्न वित्तीय संघ-संगठनहरू मार्फत लादिएका विश्वव्यापीकरण, खुला बजार र निजीकरण जस्ता नवसाम्राज्यवादी नीतिहरूको प्रवर्धन गरिरहेका छन् । मानवअधिकार, विश्व शान्ति र सुरक्षाका लागि काम गर्ने अन्तर्राष्ट्रिय संगठनहरू पनि यस्ता वित्तीय संस्थाहरूको प्रभावमा चल्न बाध्य भएकाले पनि उनीहरूको भूमिका कमजोर बनाइरहेका छन् । असमानता भोगिरहेका वर्ग, समुदाय, जाति र समूहहरू यस्ता असमानता विरुद्ध एकीकृत छैनन् तर ठिक विपरीत शासक वर्ग विभाजित छैनन् । असमानता निर्माण गर्ने सामाजिक संरचना विरुद्ध प्रतिरोध एकीकृत रूपमा गर्न जरूरी छ । विश्व सामाजिक मञ्च विश्वमा भइरहेका विभिन्न सकारात्मक परिवर्तन, न्याय र समानताको आन्दोलनको प्रवर्द्धन गर्ने र एकअर्काको अनुभवको आदान-प्रदान गर्दै परिवर्तनको पक्षमा लाग्न मानिसमा आशा, भरोशा र ऊर्जाको सञ्चार गर्ने बहस, छलफल सँगै एकीकृत प्रतिरोधलाई प्रवर्धन गर्ने मञ्च हो ।

**अर्को विश्व सम्भव छ**

नेपालमा २०६२/६३ सालमा भएको दोस्रो जनआन्दोलनले २३० वर्ष लामो राजतन्त्रको अन्त्य गऱ्यो । आज नेपाल संवैधानिक गणतान्त्रिक व्यवस्थाबाट सञ्चालन भइरहेको छ । त्यस्तै २००७ सालमा जहानियाँ राणाशासनको अन्त्य गर्दै बहुदलीय प्रजातन्त्रको स्थापना भएको थियो । संघीयताको लागि भएका विभिन्न आन्दोलनले एकात्मक प्रणालीको नेपाललाई संघीय संरचनामा रूपान्तरण गऱ्यो । कुनै समय आफ्नो श्रीमानको मृत्यु हुँदा श्रीमती सँगै जलेर मर्नुपर्ने सती प्रथाको अन्त्य गरियो । विस्तारै समाज उनीहरूको पुनः विवाहमा पनि राजी हुन थालेको छ । कुनै बेला धर्मका आधारमा चलेको शासन परिवर्तन गरेर आज जनताद्वारा लिखित कानुन अन्तर्गत शासनको सञ्चालन गरिएको छ । सीमित मानिसले शिक्षा पाउनुपर्छ भन्ने मान्यताबाट सबैले शिक्षाको पहुँच पाउनुपर्छ भन्ने मान्यताको विकास भएका छन् । माथि उल्लेख भएका उदाहरणले नेपाली समाजको गतिशीलता र परिवर्तनलाई देखाउँछ । समाज सधैं गतिशील पनि हुन्छ । यहाँ परिवर्तनहरू भइरहेका हुन्छन् । तर, समाज गतिशील र परिवर्तनशील भए पनि माथि उल्लेख गरिएका कुनै परिवर्तन सहज र सरलरेखाबाट मात्र भएका छैनन् । यसमा विभिन्न सामाजिक र राजनीतिक जागरणका अभियान, आन्दोलन, हजारौं मानिसको त्याग र बलिदान पर्दापछाडि छायाँमा लुकेको हुन्छ । केही मानिसका सचेतन प्रयासहरूबाट परिवर्तनहरू सम्भव भएका हुन्छन् । त्यसैले के भनिन्छ भने मानव इतिहास भनेकै विश्वमा मानिसले समाजमा निर्माण भएका बन्धनबाट मुक्ति, सबै प्रकारका असमानताको अन्त्य गर्दै समानता, युद्धबाट शान्ति र अधिकार प्राप्तिको संघर्षको इतिहास हो । हिजोभन्दा प्रगतिशील, शान्त र सामाजिक न्याय तथा समतामूलक समाजको निर्माणको अभिभारा अब हाम्रो हो । अर्को विश्व स्वरूपमा मात्र नयाँ विश्वको खोजी वा काल्पनिकताको फरक विश्वको खोजी हैन । विज्ञान-प्रविधिको प्रयोग गर्दै मानिसका आधारभूत आवश्यकता, जीवन, स्वतन्त्रता र समानताको संरक्षण गर्ने सामाजिक संरचनाको विकासले न्यायमूलक र शान्त अर्को विश्व बनाउन सम्भव छ । विश्वमा रहेका विभिन्न असमानताको सामना गर्न हामीले संगठित प्रतिरोधको आन्दोलन र अभियान चलाउनुपर्छ । विश्व सामाजिक मञ्च संसारमा रहेका विभेदकारी संरचना, मूल्यमान्यताको अन्त्य गर्ने विचार, अभियान र एउटा विश्वस्तरीय सांगठनिक प्रयास हो ।

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०७९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लब तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पिटल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आज धन खर्च बढ्नेछ । राजनैतिक कार्यमा बाधा आउनेछ । | **तुला** : आँटेको कार्य पुरा होला । राजनीतिक कार्यमा सफलता मिल्नेछ । |
| **वृष** : शुभारम्भको चर्चा चल्नेछ । अतिथिको रूपमा सत्कार पाइएला । | **वृश्चिक** : शुभकार्यको चर्चा चल्नेछ । मित्र जनबाट साथ सहयोग मिल्ने देखिन्छ। |
| **मिथुन** : धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । धर्मकर्ममा मन लाग्नेछ । | **धनु** :मानसिक चञ्चलपनले पेशागत हानी हुनेछ, तर आफन्तले साथ भने दिनेछन् । |
| **कर्कट** : लाभदायक यात्रा हुनेछ । परिवारसँग रमाइलो भेटघाट हुनेछ । | **मकर** : शुभ समाचार सुन्न पाइएला। ब्यापार व्यवसायबाट आम्दानी हुनेछ । |
| **सिंह** : अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । गरेका काममा ढिलासुस्ती हुनेछ । | **कुम्भ** : आफन्तको सहयोग प्राप्त हुनेछ। साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **कन्या** : चिताएको कामले तीव्रता लिनेछ। साथीभाइबाट हौसला प्राप्त हुनेछ । | **मीन** : कुनै कुराले मनमा शान्ति छाउनेछ। धर्म र आस्था बढ्नेछ । |

## चना प्रविधि

# जापानले गर्‍यो नयाँ पुस्ताको रकेटको सफल परीक्षण



जापानको अन्तरिक्ष निकाय (जाक्सा)ले आफ्नो नयाँ रकेटको सफल प्रक्षेपण गरेको छ । वर्षौंको ढिलाइ र यसअघिका दुई असफल प्रयासबाट निराशा भोगेको जाक्सालाई एच–थ्रीको सफल परीक्षणले उत्साहित बनाएको छ । नयाँ पुस्ताको एच–थ्रीलाई स्पेसएक्सको फाल्कन ९ को प्रतिद्वन्द्वीका रूपमा प्रस्तुत गरिएको छ । यसले एक दिन चन्द्रमाको सतहमा सामान पुर्‍याउने काम गर्न सक्छ । जाक्साका अध्यक्ष हिरोशी यामाकावाले भने, "म लामो समयदेखि अन्तरिक्ष अभियानमा छु । तर, मैले पहिले कहिल्यै यति धेरै खुसी महसुस गरेको थिइनँ । र, मैले कहिल्यै यति राहत महसुस गरेको थिइनँ ।

जापानले गएको महिना चन्द्रमामा मानवरहित यानको सफल अवतरण गराएको थियो । त्यसपछि जापान चन्द्रमाको सतहमा यान अवतरण गर्ने पाँचौं देश बनेको छ । दक्षिणपश्चिमी जापानको तानेगाशिमा अन्तरिक्ष केन्द्रबाट स्थानीय समयानुसार बिहान ९:२२ बजे एच–थ्री प्रक्षेपण गरिएको थियो । एजेन्सीको लाइभ स्ट्रिममा एच–थ्रीको इन्जिनले अपेक्षाकृत रूपमा काम गरेको र रकेटले यसलाई अन्तरक्षिको कक्षमा प्रवेश गराएको घोषणा गरेपछि जाक्सा कन्ट्रोल सेन्टरबाट ताली र आवाजद्वारा खुसी व्यक्त गरिएको चर्को आवाज सुनिएको थियो । जाक्सा र मित्सुबिशी हेभी इन्डस्ट्रिजद्वारा संयुक्त रूपमा विकास गरिएको एच–थ्री सन् २००१ मा सुरु भएको एच–आईआईए प्रक्षेपण प्रणालीको उत्तराधिकारी हो । "उच्च ललिलोपन, उच्च विश्वसनीयता र उच्च लागत प्रदर्शनको निम्ति डिजाइन गरिएको शिल्पले अन्तरिक्षमा जापानको स्वायत्त पहुँच कायम राख्नेछ," जाक्साले भनेको छ । वैज्ञानिकले एच–थ्रीमा प्रयोग भएको विश्वकै पहिलो प्रविधिको परीक्षण महत्त्वपूर्ण रहेको बताएका छन् ।

युनिभर्सिटी अफ मेलबोर्नको मेलबर्न स्पेस ल्याबोरेटरीका निर्देशक मिचेल ट्रेन्टीले भने, "एच–थ्री रकेटमा पहिलो चरणको अद्वितीय इन्जिन छ । यसले अत्याधुनिक रकेटको तुलनामा बढी सन्तुष्टि प्रदान गर्छ । एच–थ्रीमा सबैभन्दा लागत प्रभावी रकेट हुने क्षमता छ । जसले सौर्य प्रणालीको अन्वेषणलाई अझ किफायती बनाउनेछ" उनले भने । सन् २०२३ को फेब्रुअरीमा इन्धन प्रज्वलनको समस्याले रकेटलाई जमिनमा गतिहीन बनाएपछि प्रक्षेपण रद्द गरिएको थियो । गत वर्षको मार्चमा दोस्रोपटक गरिएको प्रयासमा प्राविधिक समस्याका कारण प्रक्षेपण गरिएको केही समयपछि नै विस्फोट भएको थियो । सबैभन्दा पछिल्लो यो प्रक्षेपण पनि खराब मौसमका कारण चार दिनपछि सारिएको थियो । तर, शनिबार सफलतापूर्वक प्रक्षेपण गरिएको रकेटले दुई साना स्याटेलाइट बोकेको छ । एउटा माइक्रोस्याटेलाइटले फोटो र भिडियो खिचेर विपद् रोकथाममा योगदान पुर्‍याउने अपेक्षा गरिएको छ । सेन्सरको साथ सुसज्जित अर्को स्याटेलाइट इन्फ्रारेड किरणहरू पत्ता लगाउन जमिनमा कारखानाहरूको सञ्चालन अवस्थाहरू पछ्याउने उद्देश्यले तयार पारिएको हो । जाक्साको लाइभ स्ट्रिमका अनुसार माइक्रोसेटेलाइट्सलाई छुट्याउने काम पनि भएको पुष्टि भएको थियो । जाक्साका एक अधिकारीले भने, "रकेटलाई सफलतापूर्वक अन्तरिक्षमा पुर्‍याएपछि हामी नतिजाको विश्लेषण जारी राख्नेछौं ।" फिनल्यान्डर्स युनिभर्सिटीकी अन्तरिक्ष अन्वेषणविज्ञ एलिस गोर्मनका अनुसार, एच–थ्री पृथ्वीको कक्षमा भू–उपग्रह प्रक्षेपण गर्न, अन्तरिक्ष स्टेसनका निम्ति आपूर्ति यानका रूपमा काम गर्न र चन्द्रमामा जान सक्षम हुनेजस्ता बहुकार्य गर्न सक्ने रकेट हुनेछ । जापानले गएको महिना चन्द्रमाको सतहमा 'मून स्नीपर' उपनाम दिइएको स्लिम अन्तरिक्षयान अवतरण गराउन सफल भएको थियो । बर्मिघम विश्वविद्यालयका एस्ट्रोफिजिक्सका मानार्थ प्राध्यापक एड्रियन माइकल क्रुजका अनुसार, हालैका असफलताका बाबजुद जापानको अन्तरिक्ष कार्यक्रम आफ्नो अहिलेसम्मको प्रदर्शनभन्दा धेरै माथि पुगेको छ । उनले भने, "जापानले केही प्रमुख खेलाडीहरूलाई चुनौती दिँदै अन्तरिक्ष अन्वेषणका लागि भविष्यको महत्त्वाकांक्षा राखेको छ ।" *–रासस/एएफपी*

# यी पाँच गल्ती, जसले ल्यापटपको ब्याट्री बिगार्छ



यदि तपाईले ल्यापटप प्रयोग गर्नुहुन्छ भने ल्यापटपको ब्याट्री छिटै रित्तिने र लामो समयसम्म चार्ज नटिक्ने समस्या भोग्नुभएको होला । तपाईका केही गल्तीले यस्तो नतिजा आएको हुनसक्छ । तपाईले गर्ने यस्ता केही गल्तीहरु हुन्छन् जसले गर्दा तपाईको ल्यापटपको ब्याट्री छिटो रित्तिन्छ र ल्यापटपलाई छिटो छिटो चार्ज गर्नुपर्ने हुन्छ । ती पाँच गल्ती यस्ता छन् :

**– अत्यधिक गेमिङ :**
यदि तपाईले आफ्नो ल्यापटपमा आवश्यकताभन्दा धेरै गेमिङ गरिरहनुभएको छ भने यसले प्रोसेसरमा अत्यधिक दबाव पर्दछ । प्रोसेसरमा धेरै चाप पर्दा ल्यापटप बढी तात्दछ र यसको सीधा असर ब्याट्रीमा पर्दछ । यसको नतिजास्वरुप ब्याट्रीको तापक्रम पनि बढ्दछ र ब्याट्रीको आयु कम हुन्छ ।

**– अत्यधिक तापक्रम :**
यदि तपाईले आफ्नो ल्यापटपलाई अधिक तापक्रम भएको ठाउँमा राखेर पटक पटक प्रयोग गर्नुहुन्छ भने त्यसले पनि ल्यापटपको तापक्रम बढाउछ र ब्याट्री खराब हुन थाल्छ ।

यदि तपाईले लामो समयसम्म यो लापरवाही गर्नुभयो भने केही महिनामै तपाईको ल्यापटपको ब्याट्री बिग्रिनेछ ।

**– भिडियो एडिटिङ :** यदि तपाईको ल्यापटपमा स्टोरेजको कमी छ र त्यसको बाबजुत पनि तपाईले त्यसमा भिडियो एडिट गर्ने कोसिस गरिरहनुभएको छ भने यसबाट प्रोसेसरमा दबाब पर्नेछ । दबाबका कारणबाट ल्यापटपको ब्याट्री तात्नेछ । फलस्वरुप ब्याट्री लाइफमा क्षयीकरण हुनेछ ।

**– अत्यधिक स्टोरेज :**
यदि तपाईको ल्यापटप स्टोरेजले भरिएको छ भने यसको कारणबाट प्रोसेसरलाई काम गर्ने बेलामा निकै बोझ झेल्नुपर्छ । यस्तोमा ल्यापटप तात्दछ र त्यसबाट ब्याट्री पनि प्रभावित भई विस्तारै बिग्रिन थाल्दछ ।

**– कमसल चार्जर :**
यदि तपाई आफ्नो ल्यापटपमा सम्बन्धित ब्राण्डका अलावा कुनै कमसल लोकल चार्जरको प्रयोग गर्नुहुन्छ भने तपाईले बुझ्नुस् कि तपाईको ल्यापटपको ब्याट्री विस्तारै खराब भैरहेको हुनेछ । वास्तवमा ल्यापटपको ब्याट्री चार्ज गर्नका लागि कमसल चार्जरले आवश्यक ऊर्जा आपूर्ति गर्न सक्दैन जसका कारण ल्यापटपको ब्याट्री तात्दछ र बिग्रिन थाल्छ ।

*–अनलाइन खबर डटकम*

# सामाजिक सञ्जालमा स्टन्टबाजहरू मात्रै किन छ्यापछ्याप्ती हुन्छन् ?

**रुचि श्रेष्ठ**

नेपालको पत्रकारिता अलिक अप्ठ्यारोमा परेको छ । हुन त पत्रकारितालाई धेरै कुराले अप्ठ्यारो पारेको छ । आज म सामाजिक सञ्जालको पाटोतिर केन्द्रित छु । किनभने मनोरञ्जनका साथै समाचार र विचारका लागि पनि रिडर, भ्युअर र युजर सामाजिक सञ्जालतिर बढी आकर्षित भइरहेका छन् । रिडर, भ्युअर र युजरले सामाजिक सञ्जाल र पत्रकारिताका कन्टेन्टबिच फरक छुट्याउन नसक्ने भएका छन् । यो सामान्य हो कि असामान्य हो ? हामीलाई छुट्याउन मुस्किल परेको छ । पत्रकारिताले भने सामाजिक सञ्जाललाई कुनै अप्ठ्यारो पारेको छैन । सामाजिक सञ्जालको फङ्क्सन र प्रयोगहरूलाई ध्यानदिएर हेर्‍यो भने सामाजिक सञ्जालको प्रेरणाको स्रोत पत्रकारिता र सञ्चारमाध्यम नै भेटिन्छन् । सामाजिक सञ्जाल मास–कम्युनिकेसनकै माध्यम हो । त्यसैले सामाजिक सञ्जालमा प्रकाशित सामग्रीमा पत्रकारिताको सूत्रको प्रयोग हुनु अचम्म मान्नुपर्ने कुरा होइन । 'एक क्लिकले तपाई सञ्जाल र संसारसँग जोडिनुहुन्छ,' अहिलेको लोकप्रिय वन–लाइनर बनेको छ यो वाक्य । २० वर्षअघि साइबर क्याफेमा घन्टाको २० रुपैयाँ तिरेर हटमेल, याहु र मेसेन्जर खोल्न पाउँदा के के न पाएकोजस्तो हुन्थ्यो हामीलाई । त्यसपछि युट्युब आयो, गुगल आयो, फेसबुक आयो, स्मार्ट फोन आयो, एपहरू आए । अनि हामीले संसारलाई औंलामा नचाउन थाल्यौं । एउटा एप थिच्नुस् र स्कोल गर्दै जानुस् । बसस्टप नआएसम्म, प्रेसरकुकरमा सिटी नलागेसम्म, फोनमा घन्टी नबजेसम्म– हामी संसारलाई औंलामै नचाइरहेका हुन्छौं । सञ्चार–माध्यमको विकासको लहर कहाँ पुगेको छ त अहिले ? आर्टिफिसियल इन्टेलिजेन्स र च्याट जीपीटीसम्म आइपुगेको छ । च्याट जीपीटीका निर्माणकर्ताले यसलाई प्राविधिक क्रान्ति भने, तर यसले क्रान्तिबाट पाइने आनन्द दिन सकेन । बरु, आतङ्क नै मच्चायो । च्याट जीपीटीको प्रयोग सुरु भएको ६ महिना नपुग्दै २०२३ को मेमा अमेरिकाको हलिउडका कर्मचारीहरू एआईको विरोधमा हडताल गर्दै सडकमा उत्रिए । स्किन राइटर्स, कन्टेन्ट क्रियटर्सको काम एआईले गर्न थालेपछि फुलटाइम काम गर्नेहरू पार्टटाइमर भए । पार्टटाइमरहरूको कामै रहेन । हजारौं कर्मचारीबाट सुरु भएको प्रदर्शनमा हलिउडका कलाकार समेत सामेल भएपछि प्रदर्शनकारीको संख्या लाखौंमा परिणत भयो । उनीहरूको दाबी थियो– एआईले मजदुरको पेटमा मात्र होइन, मानव अस्तित्वमै संकट ल्याएको छ । एक सय ४८ दिन लामो विरोध प्रदर्शनपछि कम्पनीहरू आफ्ना कर्मचारीहरूसँग सम्झौता गर्न बाध्य भए । सम्झौतामा च्याट जीपीटीको प्रयोगका सीमाहरू निर्धारण गरियो । अमेरिकाकै भर्खरको अर्को एउटा घटना छ । करिब दश दिनअघि अमेरिकाको सिनेमामा पाँचवटा सामाजिक सञ्जालका सीईओहरूलाई सिनेटरहरूले प्रत्यक्ष प्रश्नहरू सोधेर च्याक्याक्ली पारे । सिनेटरहरूले सीईओहरूलाई ती आमाबाबुका प्रश्न सोधिरहेका थिए, जसका छोराछोरीहरू सामाजिक सञ्जालका सिकार भएका थिए । कतिले आत्महत्या पनि गरेका थिए । ती आमाबाबु पनि त्यहीँ उपस्थित थिए ।

यी घटनाले तीनवटा तथ्य देखाउँछन् ।
१) डेढ सय वर्षपहिले कार्ल मार्क्सले लेखेको सिद्धान्तको सान्दर्भिकता अहिले पनि कायम छ । मजदुरको पेट संकटमा पारेर ल्याएको उत्पादन र समृद्धि लामो समय टिक्न सक्दैन ।
२) हामीले पत्रकारिताको क ख ग पढ्दादेखि सुन्दै आएको उक्ति 'सूचना र ज्ञानमाथि जसको नियन्त्रण हुन्छ, शक्ति उसैको नियन्त्रणमा हुन्छ ।' र, अहिले त्यो नियन्त्रणको माध्यम प्रविधि भएको छ । वा भनौं प्रविधि सञ्चालक भएका छन् ।
३) कल्पना र सिर्जनशीलता मानव अस्तित्वसँग अविभाज्य विषय हो । कल्पना र सिर्जना बिनाको ज्ञान वा भनौं कल्पना र सिर्जनालाई प्रोत्साहन गर्न नसक्ने ज्ञानले मानिसलाई दास बनाउँछ ।
यी थिए, विकसित मुलुकका केही उल्लेखनीय घटना । प्रविधि विकसित मुलुकमै छ । प्रविधिको उपयोग र दुरुपयोगबाट पीडित भएपछि उनीहरूकै नागरिकले आवाज उठाएका छन् र त्यसको सुनुवाइ पनि उनीहरूकै राज्यले गरेको छ ।

**यी तथ्यले हाम्रो समाजमा के अर्थ राख्छन् ?**

सामाजिक सञ्जाल हाम्रा लागि पनि टाउको दुखाइ भएको छ, तर के अमेरिका, युरोपको जस्तो हो त हाम्रो टाउको दुखाइ ? समाधान खोज्नुअघि हामीले आफ्ना समस्याको मौलिक पक्षलाई बुझ्नु महत्त्वपूर्ण हुन्छ । अन्य उपभोग्य सामग्रीको आयात गरेजस्तै हामी प्रविधि र सामाजिक सञ्जालका पनि उपभोक्ता मात्र हौं । हामी प्रविधिका 'क्रियटर' पनि होइनौं, 'इनोभेटर' पनि होइनौं । अन्तरिक्षमा हाम्रो आफ्नै सेटेलाइट पनि छैन । र, तीतो सत्य के भने सामाजिक सञ्जालका ती सीईओहरू जसलाई अमेरिकी सिनेटरहरूले बालबालिका र समाजप्रतिको उत्तरदायित्व वहन गर्न कठघरामा उभ्याए, त्यसो गर्ने हाम्रो हैसियत पनि छैन । त्यो हैसियत त धेरै टाढाको कुरो भयो । एउटा पर्सनल अकाउन्टदेखि न्युज साइटसम्म ह्याक भयो भने पनि उद्धार गर्ने कोही माइबाप छैन यहाँ । अक्सर सरकारी साइट पनि ह्याक भइरहेका हुन्छन् । त्यसैले कम्प्युटर प्रणालीमा जोडिएका तथ्य समेत भ्रमात्मक हुने गरेको सुनिन्छ, सरकारी स्रोतहरूबाटै । तिनै प्रविधि र सामाजिक सञ्जाल यहाँ सफ्ट–पावर प्लेको सबैभन्दा ठूलो हतियारका रूपमा प्रयोग भइरहेका छन् । न हामी कहाँ तेलको कुवा छ धनी हुनलाई । हामीलाई न कुनै मुलुकसँग युद्ध गर्नु छ, न न्युक्लियर हतियारको कारोबार गर्नुछ । त्यसैले नेपालजस्तो निरन्तर विकासोन्मुख रहँदै आएको 'शान्तिप्रिय' मुलुकमा चलखेल र नियन्त्रण गर्ने हतियार भनेको सफ्ट–पावर नै हो । आर्टिफिसियल इन्टेलिजेन्स र च्याट जीपीटीको प्रभावका बारेमा त हामीले चर्चासम्म सुरु गरेका छैनौं । आर्टिफिसियल इन्टेलिजेन्सले हावाबाट इन्फर्मेसन ल्याउने होइन । सिस्टममा कन्टेन्ट राखेको हुनुपर्‍यो । प्रयोगकर्ताले पनि त्यही भएको इन्फर्मेसनलाई खोज्ने हो । गुगल पनि आर्टिफिसियल इन्टेलिजेन्स हो । अफगानिस्तान भनेर गुगल सर्च गर्नुस्, बन्दुकधारी र बुर्काबाहेक केही देखाउँदैन । सिरिया खोज्नुभयो भने युद्ध मात्र भेट्नुहुन्छ । अमेरिकामा गुगल गर्नु भयो भने त झन् पाकिस्तान, अफगानिस्तान र सबै इस्लामिक देशमा बन्दुकधारी आतङ्कवादीहरू देखाउँछ । हो, एकै क्लिकमा हामी सञ्जाल र संसारसँग त जोडिन्छौं, तर कुन संसारसँग जोडिने हो, त्यसको निर्णय हाम्रा लागि अरु कसैले गरिरहेको हुन्छ । यही सूचनामाथिको एकाधिकार र स्वार्थ साधकहरूको नियत बुझेर भारतले आफ्नै आर्टिफिसियल इन्टेलिजेन्स निर्माण गर्न सुरु गरिसकेको छ । हामी आफ्नै कुरा गरौं । हाम्रो पत्रकारिताको अवस्था के छ त ? यस्तो स्रोत–साधन र शक्ति सम्पन्न सामाजिक सञ्जालसँग नेपालमा पत्रकारिताले कसरी कम्पिट गर्ने ? सामाजिक सञ्जाल विज्ञापनका लागि प्लेटफर्म भएको छ– औद्योगिकीकरण, आधुनिकीकरण विश्वव्यापीकरण सबैको एउटै प्याक बनाएर बेच्ने ठाउँ । अहिले शक्तिशाली मुलुकहरूले वैश्विक सभ्यताको प्रचार सुरु गरिसकेका छन् । सूक्ष्म रूपले हेर्ने हो भने यसलाई नव–साम्राज्यवाद भन्न सकिन्छ । विज्ञापनसँग उहिलेदेखि नै प्रेम र घृणाको सम्बन्ध छ समाचारको । चाहे त्यो प्रिन्टमा होस् वा टेलिभिजनमा । जब सामानको उत्पादन हुन्छ, तब कम्पनीहरूले प्रचारका लागि मिडियाको प्रयोग गर्छन् । यहाँ त औद्योगिकीकरण आएकै छैन । त्यसैले त्यसका दुष्प्रभावलाई पनि हामीले खोतल्नुपरेको छैन । तर जुन जुन मुलुक औद्योगिकीकरणको बाटोमा लागे, ती सबै ठाउँहरूको पत्रिकामा गम्भीर विषयले ठाउँ पाउन छाड्यो । तैपनि समाचार र विज्ञापनबिच संघर्ष जारी छ । नेपालमा २०४६ सालमा परिवर्तन आयो, २०६२/६३ सालमा आमूल परिवर्तन आयो । त्यसपछि २०७२ सालमा संविधान आयो । देशमा विभिन्न थरीका राजनीतिक र सामाजिक परिवर्तन ल्याउन खोजियो । तर, मात्र संविधानमा लेखेर समाजमा परिवर्तन ल्याउन सकिँदैन । लोकतन्त्र र प्रेस स्वतन्त्रतालाई अभ्यासले मात्र सार्थकता दिन सक्छ । खासमा भन्ने हो भने सामाजिक सञ्जाल र प्रविधिलाई हामीले लोकतन्त्र र पत्रकारिताको पक्षमा प्रयोग गर्न सकेका छैनौं ।

केही महिनाअघि मात्र नेपाल सरकारले टिकटकमा प्रतिबन्ध लगाएको छ । नेपालले भन्दा पहिले अमेरिका, अस्ट्रेलिया, बेलायत, बेल्जियम, क्यानडा, डेनमार्क, नर्वे, नेदरल्यान्ड, न्युजिल्यान्ड, ताइवान, सोमालिया, भारत र अफगानिस्तान लगायत विभिन्न देशले आंशिक र पूर्ण प्रतिबन्ध लगाइसकेका थिए । विकसित देशहरूले राष्ट्रिय सुरक्षामाथि खतरा भयो भनेका छन् । प्रतिबन्ध लगाउनुको लगभग उस्तै–उस्तै कारण दिएका छन्, विकसित मुलुकहरूले । विकासोन्मुख देशहरूले टिकटकको प्रयोगले पोर्नोग्राफी, बालबालिका शोषण र जुवा व्यवसायलाई प्रोत्साहन दियो भन्ने कारण दिएका छन् । अफगानिस्तानको सरकारले टिकटकले इस्लाम धर्म बिथोलियो भनेका छन् । नेपाल सरकारले टिकटकमाथि प्रतिबन्ध लगाउनुको कारण यसले सामाजिक विसंगति ल्यायो भनेको छ । सामाजिक लय बिथोल्यो भनेको छ, तर पत्रकारिताका लागि र राज्यका लागि पनि प्रश्न के छ भने हिजो टिकटकमा रमाएर बसेका मानिस राज्यले टिकटकमाथि प्रतिबन्ध लगाएपछि पत्रिका पढ्न वा समाचार हेर्न थालेका छन् त ? हो, हाम्रो शिक्षाको गुणस्तर कमजोर छ । अध्ययनशीलताको कमी व्यापक छ, तर विचार, दृष्टिकोण र अनुभूति खोज्ने पाठकहरू पनि टन्नै छन् । उनीहरूले के पढ्ने, के हेर्ने ? अनि कस्तो दृष्टिकोण बनाउने ? त्यसको मानक के हुने ? स्थानीय सरकारले शक्ति र स्रोत पाएपछि प्रभावकारी काम गरिरहेका धेरै मेयर र अध्यक्षहरू छन् । तर सामाजिक सञ्जालमा स्टन्टबाज मेयरहरू मात्रै किन छ्यापछ्याप्ती हुन्छन् ? जनप्रतिनिधिको प्रचार–प्रसारको नैतिक आधार के हो ? सामाजिक सञ्जालमार्फत यस्ता प्रश्नले विचार निर्माण गर्न सक्दैन । त्यसका लागि पत्रकारिता नै चाहिन्छ । कसैले भनेका छन्, कसले भनेको याद आएन । भन्नेको नाम गुगलमा पनि भेटिनँ । तपाईहरूलाई मन पर्‍यो भने मैले नै भनेको भन्ठान्नु भए पनि हुन्छ– हामीले आफ्नो कथा आफैँले लेख्दैनौं भने हाम्रो कथा अरु कसैले लेख्नेछ र त्यो हाम्रो पक्षमा नहुन पनि सक्छ । हामीले आफ्नो अधिकारको प्रयोग गरेनौं भने अरु कसैले त्यही अधिकार हाम्रो विरुद्धमा प्रयोग गर्नेछ । पत्रकारिताको व्यावसायिक पक्ष कम पीडादायक छैन । आफ्नो उत्पादन, व्यवसाय नभएको मुलुकमा हामीले पत्रकारितालाई कसरी धान्ने ? रिडर, भ्युअरले कन्टिनेन्टल खानाको स्वाद पाइसकेका छन् । कन्टिनेन्टल त टाढाको कुरो, हामीले आफ्नो मौलिक स्वादको दालभात पनि राम्ररी पस्किन सकेका छैनौं । *–रातोपाटी डटकम*

# फागुन १९ देखि तानसेन महोत्सव हुँदै



**पाल्पा,** फागुन ७/तानसेनको टुँडिखेल मैदानमा यही फागुन १९ गतेदेखि तानसेन महोत्सव २०८० हुने भएको छ । तानसेन नगरपालिकाको आयोजनामा फागुन १९ गतेदेखि २९ गतेसम्म तानसेन महोत्सव हुने भएको हो ।

कृषि, रोजगार, पर्यटन, उद्योग र व्यापारको प्रवर्द्धन गर्ने उद्देश्यले व्यापार महोत्सव गर्न लागिएको नगरपालिकाले पत्रकार सम्मेलन गरी जानकारी गराएको छ । विगतमा विभिन्न व्यवसायिक संघसंस्थाले महोत्सव गर्दै आएका थिए । तर यस पटक स्थानीय सरकार आफैले महोत्सव गर्न लागेको जनाएको छ । तानसेनलाई कृषि, रोजगार, पर्यटन, उद्योग र व्यापारको माध्यबाट चिनाउन महोत्सव गर्न लागिएको नगर प्रमुख सन्तोषलाल श्रेष्ठले जानकारी दिए । उनले महोत्सवमा पाल्पा र नगरभित्र उत्पादित कृषि तथा घरेलु उद्योगका मात्रै ५० स्टल रहने बताए । महोत्सवमा ३ सय स्टल राखिनेछ । महोत्सवबाट नगरको आन्तरिक राजश्वमा वृद्धि हुने र त्यसले तानसेनको समग्र विकासमा सकारात्मक प्रभाव पार्ने नगर प्रमुख श्रेष्ठको भनाई छ । महोत्सवको तयारी तिव्र पारिएको नगर प्रवक्ता यादवसिंह कार्कीले बताए । महोत्सवमा विद्यालय स्तरीय नृत्य प्रतियोगिता, स्थानीय स्तरका कलाकारहरुको नृत्य, झाँकी जस्ता प्रतियोगिता हुने उनले बताए । प्रमुख प्रशासकीय अधिकृत जीवन ज्ञवालीले महोत्सवबाट पाल्पाको पर्यटन, कृषि, व्यापार तथा घरेलु उद्योगमा टेवा पुग्ने विश्वास गरे । उनले भने 'नगरपालिकाले महोत्सव गर्न मिल्दैन भन्ने कही पनि लेखेको छैन, महोत्सव र व्यापार प्रवर्द्धनका कार्यक्रम गर्न पाउनु नगरपालिकाको अधिकार हो ।' संविधान र स्थानीय सरकार सञ्चालन ऐन अनुसार महोत्सव गर्नु जायज भएको ज्ञवालीको भनाई छ । महोत्सवबाट ६१ लाख बढी बचत गर्ने नगरपालिकाले लक्ष्य लिएको छ ।

# १२ घण्टा शिक्षकको...

...अतिरिक्त समयमा पढ्दै कमाउँदै कार्यक्रम अन्तर्गत आयमूलक तरकारी, मौरी, च्याउ, फलफूल, सिलाइ बुनाइ लगायत सीप सिक्ने गरेका छन् । 'बिहान ७ बजे विद्यालय आएका विद्यार्थी एकैचोटी साँझ साढे ६ बजे विद्यालयबाट घर जान्छन्' उनले भने, 'गृहकार्य पनि विद्यालयमै गर्छन्, जसले गर्दा नजानेका केही कुरा भए विषयसँग सम्बन्धित शिक्षकलाई प्रत्यक्षरुपमा सोध्न पाउँछन् ।' जीवनज्योतिमा विद्यालय समय १०-४ भन्ने छैन । बिहानदेखि साँझ अबेरसम्म दैनिक कक्षा सञ्चालन हुने गरेको छ । शिक्षकले बिहानैदेखि साँझसम्म तालिका मिलाएर अध्यापन गराउँदै आएका छन् । शनिबारको दिनमा समेत 'सामाजिक आन्दोलन' नाम दिई खेलकूद, नयाँ नयाँ खोज तथा रचनात्मक कार्य, नयाँ प्रतिभाको खोजी हुँदै आएको छ । यहाँ अध्ययनरत विद्यार्थी आफैंले आफ्ना लागि शैक्षिक सामग्री किन्न सक्ने बनाउन पढ्दै कमाउँदै कार्यक्रम प्रभावकारी भएको उनले बताए । विद्यालयले च्याउ खेती, सिलाइबुनाइ, वेल्डिङ, मौरीपालन जस्ता काम गरिसकेका छन् । अब केही दिनमा नै ह्याचरीबाट कुखुराका चल्ला उत्पादन गरी विद्यार्थीलाई उपलब्ध गराउने तयारीमा विद्यालय रहेको छ । बिहानैदेखि साँझ अबेरसम्म विद्यालय सञ्चालन हुने भएपछि विद्यालयले एउटा सवारी साधन खरिद गरी सञ्चालनमा ल्याएको छ । स्याङ्जाको विकट ग्रामीण भेगमा रहेको जीवनज्योतिले शैक्षिक क्षेत्रमा उदाहरणीय काम गर्दै आएको छ । ग्रामीण भेगबाट बसाईसरी शहरी क्षेत्रमा जाने क्रमलाई रोक्न गाउँमै गुणस्तरीय शिक्षा दिने अभियान थालिएको उनले बताए । गण्डकी प्रदेश सरकारले रु.दश लाख, बिरुवा गाउँपालिकाले रु. पाँच लाखको सहयोग र स्थानीय समुदाय, अभिभावक, शिक्षकले दिएको चन्दाबाट रु.तीस लाखमा बस खरिद गरेको छ । विद्यालयमा दैनिक प्रधानाध्यापक फेर्ने गरिएको छ । शिक्षकभित्रैबाट दैनिक प्रधानाध्यापक फेरि आलोपालोमा प्रशासन चलाउने अभ्यास पनि जीवनज्योतिले गरेको छ । *-रासस*

## नाम, थर एउटै भएको सूचना

पाल्पा जिल्ला साविक सोमादी गा.वि.स. वडा नं. ५ हाल रैनादेवी छहरा गाउँपालिका वडा नं. २ निवासी भारतिय भू.पू. सैनिक नं. १४३५४३९२ F सूर्य बहादुर थापा (ना.प्र.मा सुर्य बहादुर सोमै थापा) को एक मात्र श्रीमती सुमित्रा कुमारी (ना.प्र.मा बेली कुमारी सोमै खाम्चा) भएको । निज सुर्य बहादुर थापा पेन्सन आएपछि छोरा दिपक सोमै थापाको मिति २०६३/०८/०६ मा जन्म भएकोले पेन्सन अभिलेखमा नाम समावेश गर्नको लागि निवेदनसँगै पारिवारिक विवरण सहित नाता प्रमाणित गरिदिनु हुन भनी सिफारिस, ना.प्र.को फोटो कपी, पेन्सन पट्टाको फोटो कपी सहित रैनादेवी छहरा गाउँपालिका २ नं. वडा कार्यालयको च.नं ५१५ मिति २०८०/१०/१७ को सिफारिस पत्र र जिल्ला प्रहरी कार्यालय पाल्पाको चं.नं. १६४६ मिति २०८०/१०/२५ पत्रसाथ प्राप्त स्थलगत सर्जमिन मुचुल्काबाट लेखि आएकोले सोही आधारमा पेन्सन प्रयोजनका लागि तपशिल बमोजिमको पारिवारीक विवरण सहित नाता प्रमाणित गरिन्छ ।

**नागरितामा भएको :**
**नाम थर :** सूर्य बहादुर सोमै थापा
**जन्म मिति :** २०१८/०८/०१
**पेन्सन पट्टामा भएको :**
**नाम थर :** सूर्य बहादुर थापा
**जन्म मिति :** सन् १९६०/१०/२७
**श्रीमतिको नाम थर :** बेली कुमारी सोमै खाम्चा **(नागरिकतामा)**
**जन्म मिति : २०२७/०३/२४**
**श्रीमतिको नाम थर :** सुमित्रा कुमारी **(पेन्सनपट्टामा)**
**जन्म मिति : सन् १९६८/०७/१९**
**छोरीको नाम थर :** रिमा रेश्मी **(नागरिकतामा), (विवाहित)**
**जन्म मिति : २०४५/०७/०५**
**छोरीको नाम थर :** भुमा कुमारी **(पेन्सनपट्टामा)**
**जन्म मिति : सन् १९९०/१२/१८**
**छोराको नाम थर :** देब बहादुर सोमै **(नागरिकतामा), (विवाहित)**
**जन्म मिति : २०५१/११/२५**
**छोराको नाम थर :** देब बहादुर थापा **(पेन्सनपट्टामा)**
**जन्म मिति : सन् १९९५/०३/०९**
**छोराको नाम थर :** दिपक सोमै थापा **(अविवाहित)**
**जन्म मिति : २०६३/०५/०६**

खेलकुद समाचार

# नेदरल्यान्ड्सद्वारा नामिबिया पराजित



**काठमाडौं,** फागुन ७/आईसीसी विश्वकप लिग-२ क्रिकेट अन्तरगत तेस्रो खेलमा नेदरल्यान्ड्सले नामिबियालाई ७ विकेटले पराजित गरेको छ । नामिबयाले प्रस्तुत गरेको १ सय २४ रनको लक्ष्य नेदरल्यान्ड्सले २७.२ ओभरमा ३ विकेटको क्षतिमा पछ्याएको हो । नेदरल्यान्ड्सका लागि ओपनर माइकल लेभिटले सर्वाधिक ५७ रनको योगदान दिए । उनले ८१ बलमा ८ चौका र २ छक्का प्रहार गरे । त्यस्तै, म्याक्स ओ डाओडले २८ रनको योगदान दिए । उनले २ चौका र २ छक्का हिर्काए । बास डी लिडेले २१ रन बनाए । यसअघि आर्यन दत्तले घातक बलिङ गर्दै ६ विकेट लिएपछि नामिबिया ३५.१ ओभरमा १ सय २३ रन बनाउँदै अलआउट हुन पुगेको थियो । दत्तले ९ ओभर बलिङ गर्दै ३४ रन खर्चेर ६ विकेट लिए । नामिबियाका लागि जोनाथन स्मिथले सर्वाधिक २६ रनको योगदान दिए । उनले एक चौका र २ छक्का हिर्काए । त्यस्तै, रुबेन ट्रम्पलम्यानले ३९ बलमा २० रन बनाए । उनले एक छक्का प्रहार गरे । विकेटकिपर जेन ग्रिनले १९ रन बनाउँदा निकोलास डेभिन र कप्तान जेरहार्ड इरास्मसले १३-१३ रनको योगदान दिए । नेदरल्यान्ड्सका लागि कायल क्लेइनले २ तथा म्याक्स ओ डाओड र रोलोफ भान डर भर्वेले १-१ विकेट लिए । त्रिकोणात्मक शृङ्खलाको पहिलो खेलमा नेपाल नामिबियासँग ४ विकेटले पराजित गरेको थियो । दोस्रो खेलमा नेपालले नेदरल्यान्ड्सलाई ९ विकेटले हराएको थियो । मंगलबारको खेलपछि तीनै टोलीले २-२ अंक बटुलेको छ । नेट रनरेटको आधारमा नेपाल पहिलो, नामिबिया दोस्रो र नेदरल्यान्ड्स तेस्रो स्थानमा छ ।

अर्थ/कर्पोरेट समाचार

# कुमारी बैंकमा नयाँ सञ्चालक




**पाल्पा,** फागुन ७/कुमारी बैंक लिमिटेडले नयाँ सञ्चालक पाएको छ । बैंकको तेईसौं वार्षिक साधारण सभाबाट नयाँ सञ्चालक निर्वाचित भएको हो ।

उक्त सम्पन्न साधारण सभामा भएको सञ्चालक समितिको चुनावमार्फत् संस्थापक शेयरधनी समूहबाट अमिर प्रताप जंगबहादुर राणा, कर्मचारी संचय कोषका प्रतिनिधि विजयकुमार श्रेष्ठ, पशुपति मुरारका निर्वाचित भएका छन् । त्यस्तै, सर्वसाधारण शेयरधनी समूहबाट महेशप्रसाद पोखरेल, राजाराम खड्का र सर्वसाधारण शेयरधनी समूह महिला तर्फबाट सिम्रन अग्रवाल निर्वाचित भएका छन् । सभाले आर्थिक वर्ष २०७९/८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन सहित आर्थिक वर्ष २०७९/८० आषाढ मसान्तसम्मको वासलात, नाफा-नोक्सान हिसाब लगायतका वित्तीय विवरण र आर्थिक वर्ष २०८०/८१ को लागि वाह्य लेखापरीक्षक नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने प्रस्ताव पारित गरेको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## हार्दिक बधाई तथा शुभकामना



हाम्रा शुभेच्छुक, मुद्रण व्यवसायी **घनश्याम घिमिरे** नेपाल मुद्रण महासंघ लुम्बिनी प्रदेशको दाङमा सम्पन्न दोस्रो अधिवेशनबाट अध्यक्ष जस्तो गरिमामय पदमा भारी मतान्तरसहित निर्वाचित हुनुभएकोमा **हार्दिक बधाई** तथा सफल कार्यकालको **शुभकामना** व्यक्त गर्दछौं ।

उमेश महर्जन
व्यवस्थापक
एवं
**तिलक प्रेस परिवार**
तानसेन, पाल्पा

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय, पाल्पा

## दादुरा-रूबेला खोप अभियान २०८०/८१

यहि २०८० साल फागुन १३ गतेदेखि १७ गतेसम्म पाल्पा जिल्लाका ६ स्थानीय तहमा र फागुन २१ देखि २६ सम्म पुर्वी पाल्पाका ४ स्थानीय तहमा ९ महिना देखि ५ वर्षसम्मका बालबालिकाहरुलाइ दादुरा-रूबेला बिरुद्धको खोप लगाइदै छ । त्यसैले आ-आफ्ना बालबालिकाहरुलाई नजिकैको खोप केन्द्रमा लगेर दादुरा-रूबेला खोप लगाउनुहुन अनुरोध छ । साथै यस अभियानमा ५ वर्षमुनिका बालबालिकाहरुलाई छुट भएको नियमित खोप पनि लगाइने भएकाले खोप कार्ड लिई आउनुहुन पनि अनुरोध छ ।

खोप अभियान सञ्चालन हुने मिति समय र खोप केन्द्र रहने स्थानको बारेमा स्थानीय स्वास्थ्य संस्था, महिला स्वास्थ्य स्वयंसेविका वा वडाका जनप्रतिनिधिहरुवाट प्राप्त गर्न सकिन्छ ।



दादुरा-रूबेला लागेका १ जना व्यक्तिले १८ जना सम्मलाई संक्रमण गर्न सक्छ, त्यसैले यो रोगबाट सुरक्षित हुन बालबालिकाहरुलाई दादुरा-रूबेला खोप लगाऔ र नेपालबाट दादुरा-रूबेला रोग निवारण गरौं ।

**फागुन १३ गतेबाट अभियान शुरु हुने स्थानीय तह : रैनादेवी छहरा, रिब्दीकोट, तानसेन, बगनासकाली, तिनाउ र माथागढी ।**

**फागुन २१ गतेबाट अभियान शुरु हुने स्थानीय तह : रम्भा, पूर्वखोला, रामपुर र निस्दी ।**

***जिल्ला खोप समन्वय समिति***
***एबं स्वास्थ्य कार्यालय, पाल्पा***

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक बेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई